# बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल

## आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८।०४।०१)

यस अस्पतालमा रिक्त रहेका देहाय बमोजिमका पदहरु आन्तरिक तथा खुला प्रतियोगिताद्वारा स्थायी रुपमा पदपूर्ति गर्न लोक सेवा आयोगबाट मिति २०७८।०३।३० को पत्रबाट सहमति प्राप्त भएअनुसार बी.पी. कोइराला मेमोरियल अस्पताल कर्मचारी प्रशासन नियमावली, २०६६ (दोस्रो संशोधन, २०७५) को नियम १५ को उपनियम (४) बमोजिम योग्यता पुगेका कर्मचारीहरुबाट यो सूचना गोरखापत्रमा प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र दरखास्त फाराम पेश गर्नुहुन आह्वान गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | सेवा, समूह, उपसमूह, तह | किसिम | माग पद संख्या |
|---|---|---|---|---|---|
| १. | १७।२०७७।७८ | कन्सल्टेण्ट | प्राविधिक (स्वास्थ्य), मेडिकल (चिकित्सक), रेडियसन अंकोलोजी, एघारौं | आन्तरिक | १ |
| २. | १८।२०७७।७८ | जुनियर कन्सल्टेण्ट | प्राविधिक (स्वास्थ्य), मेडिकल (चिकित्सक), एनेस्थेसियोलोजी, दशौं | आन्तरिक | १ |
| ३. | १९।२०७७।७८ | सहायक | प्रशासन, व्यवस्थापन, प्रशासन (प्रशासनिक), पाँचौं | आन्तरिक | १ |
| ४. | २०।२०७७।७८ | जुनियर असिस्टेण्ट | प्राविधिक (अन्य), हस्पीटल इन्जिनियरिङ्ग, सिभिल/मेकानिकल/इलेक्ट्रिकल/वायो मेडिकल, चौथो | आन्तरिक | १ |

**आवश्यक शैक्षिक योग्यता र अनुभव:**

(क) आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि: बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल कर्मचारी प्रशासन नियमावली, २०६६ (दोस्रो संशोधन, २०७५) को नियम १५ बमोजिम हुनेछ ।

**नोट:**

१. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान : दरखास्त फाराम बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको वेबसाइट www.bpkmch.org.np बाट डाउनलोड गरी A4 साईजको फोटोकपी पेपरमा प्रिन्ट/फोटोकपि गर्न सकिनेछ । दरखास्त फारामहरु बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको कार्यालयमा बुझाउनु पर्नेछ । सबै पदहरुको पाठ्यक्रम वेबसाइटमा राखिनेछ ।

२. दरखास्त बुझाउने समय : बिहान ९.०० बजे देखि ४.३० बजे सम्म ।

३. परीक्षा दस्तुर:- चौथो तहको लागि रु.३००।-, पाँचौं तहको लागि रु.४००।-, दशौं तहको लागि रु.१२,००।- र एघारौं तहको लागि रु.१५,००।- लाग्नेछ । एक उम्मेदवारले एकै पदको खुला तथा समावेशी समुहमा सहभागी हुने भएमा प्रत्येक समुहको लागि २० प्रतिशत परीक्षा दस्तुर थप लाग्नेछ । दरखास्तका साथ कृषि विकास बैंक लिमिटेडमो बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको नाममा रहेको खाता नं. ०५०८६०११७३४७२०१२ मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ ।

४. परीक्षाको किसिम: लिखित र अन्तर्वार्ता ।

५. लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ ।

६. निम्नलिखित कागजातहरुका प्रतिलिपिमा उम्मेदवार स्वयंले प्रमाणित गरी दरखास्त साथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ :
   (क) हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति फोटो ।
   (ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
   (ग) शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि, (न्युनतम शैक्षिक योग्यताको मात्र), चारित्रिक प्रमाणपत्र वा उमेर खुलेको प्रमाणपत्रको प्रतिलिपि ।
   (घ) विदेशी शिक्षण संस्थावाट प्रमाणपत्र पाएका उम्मेदवारहरुको हकमा समकक्षताको प्रतिलिपि ।
   (ङ) प्राविधिक (स्वास्थ्य) सेवा अन्तर्गतका पदका लागि सम्बन्धित व्यवसायिक परिषदमा दर्ता भएको प्रमाणपत्र ।

७. तलब र सुविधा: बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवनको नियमानुसार ।

८. दरखास्त दिने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा सार्वजनिक विदा पछिको कार्यालय खुलेको दिन दरखास्त दिने अन्तिम मिति मानिने छ ।

९. उल्लेखित पदहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट तोकिएको स्थानमा हुनेछ ।

१०. लिखित परीक्षा सम्वन्धि कार्यक्रम पछि प्रकाशित गरिनेछ ।

११. विज्ञापन रद्द भएको अवस्थामा वाहेक परीक्षा दस्तुर फिर्ता हुने छैन ।

१२. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

१३. तोकिएका प्रक्रियाहरु पूरा नभएका दरखास्त फाराम जुनसुकै बेला पनि रद्द हुनेछ । यसरी रद्द हुन गएका दरखास्तहरुको परीक्षा दस्तुर फिर्ता गर्न अस्पताल बाध्य हुनेछैन ।

सदस्य-सचिव
पदपूर्ति समिति